# काँक्रेविहार
कर्णाली प्रदेशको पहिलो दैनिक
www.kankrebihar.com
राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८४ | शुक्रवार, ४ वैशाख, २०८३ | Friday, 17 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# १० वटा संसदीय समितिका सभापति निर्विरोध



काँक्रेविहार संवाददाता
सुर्खेत, ३ वैशाख

प्रतिनिधि सभा अन्तर्गतका ९ वटा विषयगत समिति र प्रतिनिधि सभा तथा राष्ट्रिय सभाको संयुक्त १ समितिमा सभापति पदका लागि परेका उम्मेदवारहरू निर्विरोध भएका छन् । बिहीबार दिउँसो १ बजेदेखि ४ बजेसम्म मनोनयन दर्ताको समय तोकिएकोमा अधिकांश समितिमा एक-एक जनाको मात्रै उम्मेदवारी परेपछि उनीहरू निर्विरोध हुने निश्चित भएको हो । औपचारिक घोषणा भने सम्बन्धित समितिको बैठकबाट हुने बताइएको छ । प्रतिनिधि सभाको चैत २७ गते बसेको बैठकमा सभामुख डोलप्रसाद अर्यालले सबै समितिका सदस्यहरूको नाम अनुमोदन गर्दै सभापति चयन प्रक्रिया अगाडि बढाएका थिए । सोही अनुसार वैशाख ४ गतेका लागि सभापति चयनको मिति तय गरिएको थियो । तर, अधिकांश समितिमा प्रतिस्पर्धा नै नभएपछि निर्विरोध चयनको अवस्था सिर्जना भएको हो । २ सय ७५ सदस्यीय प्रतिनिधि सभामा सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को स्पष्ट बहुमत रहेको छ । उसका १८२ सांसद रहेका कारण अधिकांश समितिमा पनि रास्वपाको प्रभाव देखिएको छ यही संख्यात्मक बलका आधारमा रास्वपाले ९ वटा समिति र एक संयुक्त समितिमा आफ्ना उम्मेदवार अघि सारेको थियो ।

रास्वपाबाट कानुन, न्याय तथा मानवअधिकार समिति सभापतिमा समीक्षा बाँस्कोटा निर्विरोध भएकी छन् । उनी समानुपातिक प्रणालीबाट सांसद बनेकी हुन् र केही समयअघि मात्रै विवेकशील साझाबाट रास्वपामा प्रवेश गरेकी थिइन् । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सभापतिमा अशोककुमार चौधरी निर्विरोध भएका छन् । उनी सुनसरी-३ बाट निर्वाचित सांसद हुन् ।

त्यसैगरी, पूर्वाधार विकास समिति सभापतिमा आशिष गजुरेल निर्विरोध भएका छन् । सिन्धुली-२ बाट निर्वाचित गजुरेल पूर्वाधार क्षेत्रमा विज्ञका रूपमा पनि चिनिन्छन् । महिला तथा सामाजिक मामिला समितिको सभापतिमा आकृति अवस्थी निर्विरोध भएकी छन्, जो समानुपातिकतर्फबाट संसद्मा पुगेकी हुन् ।यस्तै राज्य व्यवस्था तथा सुशासन समिति सभापतिमा हरि ढकाल निर्विरोध भएका छन् भने उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिमा रहबर अन्सारी निर्विरोध भएका छन् । अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको सभापतिमा सुम्निमा उदास निर्विरोध भएकी छन् भने अर्थ समिति सभापतिमा कृष्णहरि बुढाथोकी निर्विरोध भएका छन् ।

त्यस्तै, प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त संसदीय सुनुवाइ विशेष समिति सभापतिमा बोधनारायण श्रेष्ठ निर्विरोध भएका छन् । उनी धादिङ-२ बाट निर्वाचित सांसद हुन् । सत्तारुढ रास्वपाले सार्वजनिक लेखा समिति भने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसलाई दिने निर्णय गरेको थियो । सोही अनुसार कांग्रेसका भरतबहादुर खड्का उक्त समितिको सभापतिमा निर्विरोध भएका छन् । यो समितिलाई संसदीय निगरानीको दृष्टिले निकै महत्वपूर्ण मानिन्छ ।

यद्यपि सबै समितिमा निर्विरोध चयन भने हुन सकेको छैन । प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा भने प्रतिस्पर्धा देखिएको छ । यस समितिको सभापतिका लागि रास्वपाकी ओजस्वी शेरचन र नेकपा एमालेका गुरु बरालबीच प्रतिस्पर्धा हुने भएको छ । त्यस्तै, संयुक्त समिति 'राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति'मा पनि प्रतिस्पर्धा हुने भएको छ । यस समितिमा नेकपा (माओवादी केन्द्र) की मदनकुमारी शाह र रास्वपाका गणेश कार्कीबीच चुनाव हुने तय भएको छ ।

समग्रमा हेर्दा संसदीय समितिहरूमा सभापति चयन प्रक्रियाले संसद्भित्रको शक्ति सन्तुलन स्पष्ट रूपमा देखाएको छ । बहुमतको आधारमा रास्वपाले अधिकांश समिति आफ्नो नेतृत्वमा राख्न सफल भएको छ भने प्रमुख प्रतिपक्षलाई एउटा महत्वपूर्ण समिति दिइएको छ ।

## मुख्य सचेतक र सचेतक नियुक्त



राष्ट्रिय स्वतन्त्र पार्टीको मुख्य सचेतकमा कविन्द्र बुर्लाकोटी नियुक्त भएका छन् । बिहीबार बसेको पार्टी संसदीय दल बैठकले बुर्लाकोटीलाई मुख्य सचेतक नियुक्त गरेको एक सांसदले बताए । बुर्लाकोटी पार्टीका महामन्त्री हुन्। उनी गोरखा-२ बाट निर्वाचित हुन् । त्यस्तै सांसद प्रकाशचन्द्र परियारलाई सचेतक नियुक्त गरिएको छ । त्यस्तै सचेतकमा सांसद क्रान्तिशिखा धिताल नियुक्त भएको ती सांसदले बताए । प्रकाशचन्द्र परियार विवेकशील साझाबाट रास्वपामा समाहित भएका हुन् । रास्वपा केन्द्रीय सदस्य धिताल समानुपातिक सांसद हुन् ।

## दलको उपनेतामा पराजुली



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संसदीय दल उपनेतामा गणेश पराजुली चयन भएका छन् । बिहीबार बसेको संसदीय दल बैठकले काठमाडौं-७ बाट निर्वाचित पराजुलीलाई दल उपनेता चयन गरेका महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए । विहीबार नै बसेको संसदीय दल बैठकले बुर्लाकोटीलाई मुख्य सचेतक नियुक्त गरेको थियो भने प्रकाशचन्द्र परियार र क्रान्तिशिखा धिताललाई सचेतक नियुक्त गरेको बुर्लाकोटीले बताए । समानुपातिक सांसद परियार विवेकशील साझाबाट रास्वपामा समाहित भएका हुन् । रास्वपा केन्द्रीय सदस्य धिताल पनि समानुपातिक सांसद हुन् ।

### प्रधानमन्त्री र मुख्यमन्त्रीहरूबीच छलफल,
# विकास र संघ-प्रदेश सहकार्यमा जोड

काँक्रेविहार संवाददाता
काठमाडौं, ३ वैशाख

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले प्रदेशका मुख्यमन्त्रीहरूसँग विकास निर्माण तथा संघ-प्रदेश समन्वयका विषयमा छलफल गरेका छन् ।

बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित बैठकमा पाँच प्रदेशका मुख्यमन्त्रीहरूको सहभागिता रहेको थियो ।



छलफलमा विकास आयोजनालाई तीव्रता दिने, उपलब्ध स्रोत-साधनको न्यायोचित बाँडफाँड सुनिश्चित गर्ने र संघ तथा प्रदेशबीचको सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा केन्द्रित बहस भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री शाहले संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन केन्द्र र प्रदेशबीच समन्वय अपरिहार्य रहेको उल्लेख गरेका छन् ।

बैठकले संघीय संरचनालाई व्यवहारिक रूपमा मजबुत बनाउने दिशामा सकारात्मक सन्देश दिएको सचिवालयको दाबी छ ।

सरकारले आगामी दिनमा विकास निर्माणका कामलाई गति दिने र संघीय प्रणालीलाई थप प्रभावकारी बनाउने लक्ष्यसहित यस्ता छलफललाई निरन्तरता दिने संकेत समेत दिएको छ ।

# पञ्चकोशी क्षेत्रको पहिचान जोगाउने अभियान






काँक्रेविहार संवाददाता
सुर्खेत, ३ वैशाख

कर्णालीको धार्मिक, सांस्कृतिक र ऐतिहासिक पहिचान बोकेको दैलेखको पञ्चकोशी क्षेत्र यतिबेला फेरि एकपटक चर्चामा छ । यही बैशाख १३ देखि १९ गतेसम्म आयोजना हुन लागेको पञ्चकोशी धार्मिक पर्यटन मेला केवल एउटा उत्सव मात्र होइन, यो क्षेत्रको पहिचान, परम्परा र सम्भावनालाई पुनर्जीवित गर्ने प्रयासका रूपमा हेरिएको छ ।

पञ्चकोशी क्षेत्र प्राचीन कालदेखि नै हिन्दु धार्मिक आस्थाको केन्द्र मानिँदै आएको छ । 'पाँच कोस' क्षेत्रमा फैलिएको यस क्षेत्रभित्र विभिन्न पवित्र स्थलहरू रहेका छन्, जहाँ दर्शन र पूजाआजा गर्दा आध्यात्मिक शान्ति प्राप्त हुने विश्वास रहँदै आएको छ । स्कन्दपुराण लगायतका धार्मिक ग्रन्थहरूमा समेत यसको उल्लेख पाइन्छ, जसले यसको ऐतिहासिक र धार्मिक महत्व अझ बलियो बनाउँछ ।

यही महत्वलाई उजागर गर्ने उद्देश्यसहित पञ्चकोशी क्षेत्र विकास संस्था दैलेखको आयोजनामा र दैलेखी सेवा समाज सुर्खेतको सहजीकरणमा मेला आयोजना हुन लागेको हो । आयोजकका अनुसार स्थानीय तह र दानदाताबाट संकलित स्रोतसाधनबाट मेलाको व्यवस्थापन गरिनेछ ।

संस्थाका अध्यक्ष नविन योगीका अनुसार यस मेलाबाट संकलित रकम पञ्चकोशी क्षेत्रको इतिहास अभिलेखीकरणमा खर्च गरिनेछ, जसले भावी पुस्तालाई आफ्नै माटोको पहिचान बुझ्न मद्दत गर्ने अपेक्षा गरिएको छ । मेलाको अर्को प्रमुख आकर्षण स्कन्दपुराण वाचन रहनेछ । यसका लागि २१ वर्षीया युवा वाचिका कीर्ति किशोरीजीलाई आमन्त्रण गर्ने तयारी भइरहेको छ । युवा पुस्तामाझ धार्मिक चेतना फैलाउने र परम्परागत संस्कृतिलाई आधुनिक सन्दर्भमा जोड्ने प्रयासका रूपमा यसलाई लिइएको छ । तर, पञ्चकोशी केवल धर्म र आस्थाको केन्द्र मात्र होइन, यो क्षेत्र आर्थिक र विकासको दृष्टिले पनि महत्वपूर्ण बन्न सक्ने सम्भावना बोकेको छ । दैलेखको जलजले क्षेत्रमा पेट्रोलियम पदार्थको सम्भावना पुष्टि भइसकेको सन्दर्भमा मेलाले यस विषयलाई पनि उठान गर्ने लक्ष्य लिएको छ । आयोजकले ऐतिहासिक र धार्मिक महत्वलाई असर नपर्ने गरी पेट्रोलियम उत्खनन कार्य तत्काल अघि बढाउन सरकारसँग दबाब दिने बताएका छन् । यसले पञ्चकोशी क्षेत्रलाई धार्मिकसँगै आर्थिक केन्द्रका रूपमा विकास गर्न सक्ने संकेत गर्छ ।

मेलालाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने प्रयास पनि सुरु भएको छ । नेपाल-भारत नागरिक मैत्री संस्थाको समन्वयमा भारतीय पर्यटक भित्र्याउने योजना बनाइएको छ, जसले धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास गरिएको छ ।

दैलेखी सेवा समाज सुर्खेतका अध्यक्ष देवकुमार बिसीले पञ्चकोशी क्षेत्रलाई केवल दैलेखको मात्र नभई समग्र कर्णाली र नेपालकै गौरवको विषय मान्छन् । उनका अनुसार यहाँको पूर्वाधार विकास, संरक्षण र प्रचार-प्रसारमा सबै पक्षले साझा जिम्मेवारी लिन आवश्यक छ ।

वास्तवमा, पञ्चकोशी क्षेत्रले एउटा ठूलो सन्देश दिन्छ, पहिचान जोगाउन सकिएन भने विकासको अर्थ अपूर्ण हुन्छ । आधुनिकता र परम्पराको सन्तुलन कायम राख्दै अघि बढ्न सकिएमा मात्र यस्ता ऐतिहासिक क्षेत्रहरू दीर्घकालीन रूपमा संरक्षण हुन सक्छन् ।

आजको आवश्यकता केवल मेला आयोजना गर्नु मात्र होइन, पञ्चकोशी क्षेत्रलाई दीगो धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्नु हो ।

सडक, आवास, सूचना प्रवाह, सरसफाइ र व्यवस्थापनमा सुधार गर्दै यहाँ आउने श्रद्धालु र पर्यटकलाई सहज अनुभव दिन सकिएमा यो क्षेत्र राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत स्थापित हुन सक्छ ।


## खोप लगाऔं, रोगबाट बचौं र बचाऔं ।

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं ।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं ।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं ।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं ।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं ।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं ।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं ।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

# भेरी-बबई ढिलाइको दुष्चक्र हटाऊ

राष्ट्रिय गौरवको आयोजनाको सूचीमा परेको भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन परियोजना फेरि प्रश्नको घेरामा परेको छ । करिब डेढ दशकअघि सुरू गरिएको यो परियोजनाले अझैसम्म समग्र भौतिक प्रगति ६९ प्रतिशत र वित्तीय प्रगति ५८ प्रतिशत मात्रै छ । यो गतिमा आयोजनाको काम सीमित रहनु विकास व्यवस्थापनको कमजोरीको स्पष्ट संकेत हो । प्रारम्भिक लक्ष्यअनुसार आर्थिक वर्ष २०७७/०७८ भित्र सम्पन्न हुनुपर्ने आयोजना पटक-पटक समयसीमा संशोधन हुँदै पनि अझै टुंगोमा पुग्न सकेको छैन । अझ चिन्ताको विषय त के हो भने, अब पनि परियोजना कहिले सम्पन्न हुन्छ भन्ने स्पष्ट समयरेखा छैन । राष्ट्रिय प्राथमिकताको परियोजना नै यस्तो अनिश्चिततामा अल्झिनु सामान्य प्रशासनिक ढिलाइको कुरा मात्र होइन । यो नीति, योजना र कार्यान्वयनबीचको गम्भीर असन्तुलनको परिणाम पनि हो । परियोजनामा देखिएका समस्या नयाँ भने होइनन् । प्राविधिक जटिलता, बजेट अभाव, ठेकेदारको कमजोर कार्यशैली, र समन्वयको कमी रहनु जस्ता समस्याबाट उम्कन नसक्नु मुख्य चुनौती हुन् । यति महत्वपूर्ण आयोजना सुरू गर्दाखेरि यी जोखिमहरूको पूर्वानुमान किन गरिएन भन्दै स्थानीयवासीले प्रश्न उठाउन पनि सुरू गरेका छन् ।

परियोजना अन्तर्गत बन्ने पूर्वाधार विकासमा पछिल्लो समय लापारवाही गरेको देखिन्छ । त्यसैमा सुरूङजस्तो जटिल संरचना निर्माणमा सुरूवाती सफलता देखिए पनि त्यसपछिका कामहरूमा आएको सुस्तताले योजना व्यवस्थापनको कमजोरी उजागर गरेको छ । ठेकेदार छनोट प्रक्रियामा देखिएको कमजोरी अझ गम्भीर विषय हो । सक्षम र अनुभवी निर्माण कम्पनी छनोट गर्न नसक्दा परियोजनाले मूल्य चुकाइरहेको छ । संयुक्त उपक्रम (जेभी) मा संलग्न विदेशी साझेदार नै सक्रिय नहुनु र त्यसबारे स्पष्ट जवाफसमेत नआउनु सम्बन्धित निकायहरूको निगरानी र उत्तरदायित्वमा प्रश्न उठाउने विषय हो । आर्थिक वर्ष २०६८/०६९ मा सुरू गरिएको उक्त परियोजना प्रारम्भिक रूपमा ०७७/०७८ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर निर्धारित समयसीमा अनुसार काम अघि बढ्न नसक्दा परियोजना अझै अपूरै छ । परियोजनाको समयतालिका संशोधन गर्दै २०७८/०७९ मा सम्पन्न गर्ने लक्ष्य राखिए पनि अपेक्षित प्रगति हुन सकेको छैन । २०७१/०७२ देखि आयोजनास्थलमा काम सुरू भएको भए पनि विभिन्न कारणले निर्माण कार्य ढिलाइ हुँदै आएको छ । यति ठूलो राष्ट्रिय महत्वको परियोजनामा सुस्त प्रगति हुनुका साथै सम्पन्न हुने निश्चित समयसमेत तय हुन नसक्दा सरोकारवालाहरू चिन्तित बनेका छन् । आयोजना कहिले पूरा हुने भन्ने विषय अझै अन्योलमै रहेको छ ।

परियोजना निर्माणका काममा बजेट निकासा ढिलो हुनु, कोभिड-१९ महामारी, निर्माण सामग्री आपूर्ति समस्या र प्राकृतिक प्रकोपजस्ता कारणहरूलाई मात्र दोष दिनु पर्याप्त छैन । यी चुनौतीहरू वास्तविक भए पनि, प्रभावकारी योजना, जोखिम व्यवस्थापन र समयमै निर्णय गर्ने क्षमताले यस्ता अवरोधलाई न्यून गर्न सक्थ्यो । यो परियोजना केवल पूर्वाधार निर्माणको काम मात्रै होइन । यसले बाँके र बर्दियाका करिब ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने र करिब ४८ मेगावाट विद्युत् उत्पादन गर्ने सम्भावना बोकेको छ । यसको ढिलाइले कृषक, ऊर्जा क्षेत्र र समग्र अर्थतन्त्रलाई प्रत्यक्ष असर पारिरहेको छ । भने विकासको प्रतिफल ढिलाइ हुँदा त्यसको लागत केवल आर्थिक मात्र हुँदैन, सामाजिक र अवसरगत पनि हुन्छ । अबको आवश्यकता भनेको जवाफदेहिता र कार्यान्वयनमा कडाइ गर्नु हो । म्याद थप्ने परम्परालाई निरन्तरता दिने होइन, बरू काम सम्पन्न गर्ने सुनिश्चितता गर्नुपर्ने हो । ठेकेदारको कार्यसम्पादन कडाइका साथ मूल्यांकन गर्नु पर्छ । आवश्यक परे सम्झौता पुनरावलोकन वा प्रतिस्थापनसम्मका कदम चाल्नुपर्छ । परियोजना व्यवस्थापनमा प्राविधिक क्षमता अभिवृद्धि र नियमित अनुगमनलाई प्राथमिकता दिनुपर्छ । यो परियोजना केवल एउटा आयोजना मात्रै होइन, राज्यको विकास क्षमताको परीक्षण पनि हो । यदि अब पनि यसलाई सही दिशामा अघि बढाउन सकिएन भने, "राष्ट्रिय गौरव" भन्ने शब्द स्वयंमै प्रश्नचिह्न बन्नेछ ।

# सुशासन कि प्रोपोगान्डा ?



✍ शिशिर उप्रेती

सुशासन भन्नाले कुनै देशका सामाजिक, आर्थिक र राजनीतिक मामिलाहरूको व्यवस्थापनमा शक्ति र अधिकारको प्रयोग पारदर्शी, जबाफदेही, समावेशी र प्रभावकारी तरिकाले गरिने प्रक्रियालाई जनाउँछ, जसले जनताको हित सुनिश्चित गर्दछ । यो एउटा अवधारणा हो जसलाई संयुक्त राष्ट्र सङ्घ र विश्व बैङ्कजस्ता संस्थाहरूले समाजमा विकास, न्याय र स्थायित्व स्थापित गर्न व्यापक रूपमा प्रवर्द्धन गरेका छन् ।

नेपालमा जेनजी आन्दोलन पश्चात् पुरानो सत्ता ढलेर चुनाव मार्फत राष्ट्रिय स्वतन्त्र पार्टीको भीमकाय बहुमतको सरकार बनेपछि नेपाली नागरिकले चाहेको र हुनैपर्ने सुनिश्चितता सुशासनको हो । यो न्यूनतम सर्तबाट अहिलेको सरकार विमुख हुन मिल्दैन र उसलाई यो छुट पनि छैन । अर्थात् सुशासनको सुनिश्चितता नहुनु भनेको सिधा हिसाबमा सरकार असफल हुनु हो ।

सुशासनको पहिलो सर्त पारदर्शिता हो । रास्वपाले निर्वाचनको बेला सार्वजनिक गरेको वाचापत्रमा सार्वजनिक पद सम्हाल्नु अघि नै आफ्नो सम्पत्ति विवरण पूर्ण रूपमा सार्वजनिक गर्ने वाचा गरेको थियो जुन ढिलै भए पनि गरेको छ । यो सकारात्मक छ तर सम्पत्ति विवरण र स्रोतसम्बन्धी विवाद र उठेका प्रश्नहरूको जवाफ विश्वसनीय रूपमा दिन सकेको छैन । यदि त्यसो गरेको भए भ्रष्टाचारीहरूको सम्पत्ति छानबिन गर्ने नैतिक आधार अहिलेको सरकारलाई प्राप्त हुने थियो । त्यसमाथि पोखराको लेकसाइडमा डोजर चल्दा गृहमन्त्री सुधन गुरुङको जग्गासम्बन्धी विवादमा नाम जोडिएर आएको थियो । यो सुशासनको पहिलो सर्तमाथि पार्टी र सरकारले गरेको छल हो । अझ पनि ढिला भएको छैन, अविलम्ब सकिन्छ भने सबै सांसदहरूको नत्र प्रधानमन्त्रीसहित मन्त्रीपरिषद्का सदस्यहरूको सम्पत्तिको स्रोत सार्वजनिक गरी नागरिकलाई विश्वस्त पार्नु जरुरी छ ।

सुशासनको दोस्रो सर्त कानुनको सर्वोच्चता अर्थात् कानुनको शासन हो । कानुनको शासन भन्नाले यस्तो व्यवस्था जनाउँछ जहाँ राज्यका सबै व्यक्ति, संस्था र सरकार स्वयं पनि कानुनको अधीनमा हुन्छन्, र कानुन निष्पक्ष, समान र पारदर्शी रूपमा लागू गरिन्छ । विगतको सरकारले गरेको सबै भन्दा ठुलो गल्ती यही थियो र हालको सरकार पनि त्यही बाटो समात्दै त छैन भनेर प्रशस्त संशय उत्पन्न हुने आधारहरू तयार भएका छन् । हुन त पहिलेका सरकारहरूले आफू अनुकूल कानुन नै बनाए र भएका कानुनहरूलाई स्वार्थ अनुरूप व्याख्या गरे । न्यायपालिकालाई प्रभावमा राखेर आफ्नो निर्दोषता प्रमाणित गर्न राज्यको सबै स्रोत र साधनहरूको दुरुपयोग गरिरहे ।

रास्वपा सरकारले त्यही नहोस् भनेर कानुन संशोधन, आवश्यक कानुन निर्माण र नीति निर्माणमा ध्यान दिनु पर्नेमा कानुनको आधारभूत सिद्धान्त "कानुनी प्रक्रिया" उल्लङ्घन गरेको छ । यस सिद्धान्त अनुसार कसैलाई पनि बिना कानुनी प्रक्रिया (जाँच, प्रमाण, सुनुवाइ) सजाय दिन पाइँदैन । सजाय दिएर अनुसन्धान अघि बढाउने हतारमा सरकारले 'शक्ति नै सत्य हो' भन्ने नजिर स्थापना गरिसकेको छ । बालेन सरकारले गिरफ्तार गरेका केपी ओली, रमेश लेखक, दीपक भट्ट र १९४ गुन्डाहरू र उनीहरूका नाइके सही हुन् भन्न खोजिएको हैन । उनीहरूको गिरफ्तारी हुनु हुँदैन थियो भन्ने तर्क पनि गरेको हैन तर कानुनको शासन सिद्धान्तले यो कुराको भावनात्मक पक्षलाई अस्वीकार गर्छ । कानुन प्रक्रिया, 'ड्यु प्रोसेस अफ ल' को उपहास गरेर सुशासनको नारा लगाउनु गलत हो ।

जबाफदेहिता सुशासनको अर्को एक प्रमुख आधार हो । सरकार, सार्वजनिक पदाधिकारी, तथा संस्थाहरू आफ्ना निर्णय, कार्य र परिणाम जनताप्रति उत्तरदायी हुन्छन् र उनीहरूले आफ्ना जिम्मेवारी वहन गर्नुपर्छ तथा गलत कार्यका लागि स्पष्टीकरण दिनुपर्ने हुन्छ । सुशासनमा जबाफदेहिता भन्नाले यस्तो व्यवस्था भन्ने बुझिन्छ जहाँ निर्णय गर्ने निकायहरूले आफ्ना कामको स्पष्ट जानकारी दिन्छन्, नागरिकहरूले प्रश्न उठाउन र जवाफ माग्न सक्छन् साथै गलत कार्य वा भ्रष्टाचार भएमा कारबाही हुन्छ । सरल भाषामा जबाफदेहिता भनेको "जसले काम गर्छ, उसले त्यसको जिम्मा लिनुपर्छ र जनताको उत्तर दिनुपर्छ" भन्ने सिद्धान्त हो ।

यस सन्दर्भमा निर्वाचन पश्चात् गठन भएको सरकार र दैनिक कार्य सम्पादन गर्ने सरकारका कर्मचारी बिच विश्वासको सङ्कट उत्पन्न भएको छ । यो सुशासनका लागि ठूलो चुनौती हो । मन्त्रीहरूले कर्मचारीलाई भ्रष्ट र अविश्वसनीय ठानिरहेका छन् भने कर्मचारीहरूले मन्त्रहरूलाई अपरिपक्व, अनुभवहीन र लहडे सम्झन्छन् । यो विश्वासमा देखिएको सङ्कटको मिलन बिन्दु पत्ता लगाएर सम्बन्ध सहज नबनाउने हो भने सरकारको कुने पनि कामको सहज डेलिभरी हुन सक्दैन । नागरिकले नेताहरूलाई अविश्वास गर्दा परिवर्तन आएको हो नेता र कर्मचारी बिच एक आपसमा अविश्वास बढ्दा जनताको विश्वास सरकारप्रति घट्न सक्छ ।

सुशासनको अर्को महत्त्वपूर्ण सर्त सहभागिता हो । सहभागिता भन्नाले नागरिकहरूले शासन तथा निर्णय प्रक्रियामा सक्रिय रूपमा भाग लिनु भन्ने बुझिन्छ । सुशासनको सन्दर्भमा सहभागिता भनेको जनताले प्रत्यक्ष वा आफ्ना प्रतिनिधिमार्फत नीति निर्माण, निर्णय प्रक्रिया, र कार्यान्वयनमा संलग्न हुने अधिकार र अवसर प्राप्त गर्नु हो । नागरिकका प्रतिनिधिले बालेनसँग गर्ने बहस वा प्रश्न बालेनले स्वीकार गर्लान् कि नगर्लान् भन्ने कुरा हेर्न केही समय कुर्नु पर्ला । विगतमा निर्वाचनपछिको अधिवेशनको पहिलो दिन प्रधानमन्त्रीले रोस्ट्रमबाट संक्षिप्त सम्बोधन गर्ने परम्परा जस्तै थियो । यसमार्फत प्रधानमन्त्रीले सरकारको प्राथमिकता, नीति र राजनीतिक सन्देश दिन्थे । तर यसपटक यस्तो अभ्यासले निरन्तरता पाउन सकेन । नवनिर्वाचित सांसदहरूको पहिलो अधिवेशन प्रधानमन्त्रीको सम्बोधनबिना नै सकिएको छ । स्मरण रहोस्, बालेन धेरै सार्वजनिक कार्यक्रमहरूमा बोल्दैनन् तर नेपाली सेनाले आयोजना गरेको कार्यक्रममा भने "सेना नेपालीको आफ्नै संस्था हो" भनेका थिए । धेरै बोल्दा विवादमा परिन्छ भन्ने डर त हुन्छ तर मौनताको पनि अर्थ हुन्छ साथै चयनात्मक मौनताको त झन् ठुलो अर्थ लगाउन सकिन्छ ।

बालेन आफै नागरिकका महत्त्वपूर्ण प्रश्नहरूबाट पर सरिरहेका हुन्छन् । उनले यस्तो नठानून् कि यी साना भर्खरका मैले बनाइदिएका केटाकेटी सांसदले मलाई प्रश्न सोध्न र सुझाव दिने क्षमता राख्दैनन् । स्मरण रहोस्- केपी ओलीले हजार जनाको केन्द्रीय सल्लाहकार जम्बो टोलीसँग कहिल्यै सल्लाह लिन उचित ठानेनन् बरु उनी ती हजार जनालाई सल्लाह दिन्थे । 'म' लाई 'हामी'ले विस्थापित गर्न नसके बालेन पनि ढिलो चाँडो नागरिक बहिस्कारमा पर्न सक्छन् ।

भ्रष्टाचारको न्यूनीकरण वा अन्त्य सुशासनको मानक हो । सुशासन र भ्रष्टाचारको अन्त्य सँगै अघि बढ्छन् । जब सरकार पारदर्शी, जबाफदेही र जनमुखी हुन्छ, भ्रष्टाचार स्वतः घट्छ र समाजमा विकास र न्याय सुनिश्चित हुन्छ । भ्रष्टाचार अन्त्य भनेको शक्ति वा पदको दुरुपयोग गरेर निजी फाइदा लिने कार्यलाई रोक्नु हो । यो कार्य सहज र हठात् हुने कार्य होइन । बालेन शाहको नेतृत्वमा बनेको सरकार र विभिन्न समितिले काम सुरु गरिसकेको होला तर यसका लागि सरकारको गति द्रुत भएर मात्र हुँदैन 'सुझबुझ पूर्ण' कार्य र 'नियन्त्रण' दुवै जरुरी हुन्छन् । भ्रष्टाचार न्यूनीकरणका लागी थुप्रै कानुनहरूको संशोधन आवश्यक छ । नीतिगत भ्रष्टाचारको जरा काट्न अबको सरकारले कस्तो भूमिका खेल्छ भन्ने सर्वत्र चासोको विषय बनेको छ । हालसम्मका सरकारले भ्रष्टाचारमा शून्य सहनशीलताको नारा लगाए पनि भ्रष्टाचार प्रति पूर्ण सहनशीलता देखाउँदै आएका छन् ।

सजिलै बुझ्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ४ (ख) हेर्दा हुन्छ । यसमा भनिएको छ, "संसद्को कुनै सदन वा समितिको बैठकमा भएको काम कारबाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रूपमा गरेको कुनै नीतिगत निर्णय र अदालतको न्यायिक काम कारबाहीका सम्बन्धमा आयोगले यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारबाही गर्ने छैन ।" भ्रष्टाचार र दण्डहीनतामा हाल सम्मका सरकारहरूको झुकाव र अन्त्य गर्ने इच्छा शक्तिको कमी यसबाट स्पष्ट हुन्छ ।

सरकारले जे देखाउन चाहन्छ त्यो मात्र देख्नेको जमात ठूलो हुन्छ । प्रोपोगान्डामा केवल केही तथ्य देखाइन्छन्, बाँकी लुकाइन्छन्, जसले विशिष्ट दृष्टिकोणलाई समर्थन गर्ने विकृत वास्तविकता सिर्जना गर्छ । प्रोपोगान्डाको साधन बनेको छ हाम्रो सामाजिक सञ्जाल ।

हालको सरकारले गरिरहेको कामले नागरिकहरूमा आशाको सञ्चार त गराएको छ तर यो धेरै प्रचारबाजी वा प्रोपोगान्डा उन्मुख नहोस् भन्ने आमचाहना हो । प्रोपोगान्डा भनेको कुनै निश्चित राजनीतिक, वैचारिक, वा संस्थागत एजेन्डालाई समर्थन गर्न जानाजानी जानकारी, विचार, वा सन्देशहरूको प्रयोग गर्नु हो, जुन प्रायः पक्षपाती वा भ्रामक हुन्छ र जसले मानिसहरूको धारणा, विश्वास वा व्यवहारमा प्रभाव पार्ने उद्देश्य राख्दछ । सरकारका कुनै पनि कामहरू विवेकपूर्ण र तर्कसङ्गत हुनु पर्छ । तर्कको सट्टा, प्रचारले भावनामा प्रभाव पार्छ, जस्तै डर, गर्व, क्रोध, वा आशा जगाइ दिन्छ । नागरिकहरू दिग्भ्रमित हुन्छन् । भ्रमलाई सत्य ठानेर बसी दिन्छन् र अन्त्यमा निराशा हात लाग्छ ।

सरकारले जे देखाउन चाहन्छ त्यो मात्र देख्नेको जमात ठूलो हुन्छ । प्रोपोगान्डामा केवल केही तथ्य देखाइन्छन्, बाँकी लुकाइन्छन्, जसले विशिष्ट दृष्टिकोणलाई समर्थन गर्ने विकृत वास्तविकता सिर्जना गर्छ । प्रोपोगान्डाको साधन बनेको छ हाम्रो सामाजिक सञ्जाल । सत्यको ठूलो मात्रा अहिले हामीले चलाउने सामाजिक सञ्जालले निर्धारण गरिरहेको छ । यो बढी दुखद र डरलाग्दो अवस्था हो । अहिलेको सरकारका लागि यो सरल र छिटो बाटो हो तर खतरनाक पनि । गृहमन्त्री सुदन गुरुङ यो प्रोपोगान्डाको नाइके बनेर निस्किएका छन् । नेता, व्यापारी, गुन्डा पक्राउ गरेर छाड्नु पर्ने स्थिति आयो भने हाललाई भयङ्कर काम गरेको जस्तो देखिए पनि कालान्तरमा गएर प्रत्युत्पादक हुन सक्छ । त्यसैले मैले कानुनी प्रक्रियाको बाटो माथि नै सुझाएको छु । अनुसन्धान र अभियोजनको प्रक्रिया दिगो र सर्व स्वीकार्य हुन्छ ।

हाल सामाजिक सञ्जालमा प्रयोग हुने भाषा, बिम्ब, रूपक आदि प्रायोजित रूपमा प्रवाह भइरहेका छन् । यो नयाँ र सृजनशील काम हैन । नेपालको लागि नयाँ ठान्ने नागरिकको स‌ङ्ख्या ठूलो रहेकाले नयाँ लागेको मात्र हो । सामाजिक सञ्जालमा निश्चित सन्देशहरू बारम्बार दोहोऱ्याउँदा मानिसहरूले यसलाई साँचो ठान्न सक्छन् अर्थात् "साँचो भएको भ्रम" प्रवाहित हुन सक्छ । रास्वपामा सामाजिक सञ्जाल इन्फुएन्सर हरूको ठूलो समूह छ । समाजका रोल मोडल मानिएका व्यक्तिहरू जसलाई अस‌ङ्ख्य नागरिकले फलो गर्छन् उनीहरूले असर र खराब नछुट्याइ जे भए पनि ठिक छ भन्नु धेरै जोखिमपूर्ण कदम हो । यसले हाम्रो सामाजिक चेतनालाई विकृत गरी दिन्छ ।

प्रोपोगान्डाको अर्को खराब पक्ष के हो भने यसले प्रायः मानिसहरूलाई समूहमा विभाजन गर्छ (जस्तै "हामी" र "शत्रु") जसले एक पक्षमा एकता र अर्कोमा शत्रुता सिर्जना गर्छ । प्रजातन्त्रमा विपक्षको अभिमतको पनि कदर गर्नु अपरिहार्य हुन्छ नत्र प्रजातन्त्रको निर्मम हत्या हुन्छ । पहिले जे भइरहेको थियो, अब पनि त्यस्तो नहोस् भनेर सजग रहनु सबैको कर्तव्य हो । हाम्रो समाज अविच्छिन्न रूपमा विभाजित छ र यो क्रम झन् बढिरहेको छ । यसलाई रोक्नु र सामाजिक सद्भाव,सहभाव र मर्यादा कायम राख्ने पनि नागरिकले नै हो ।

(लेखक बृहत् नागरिक आन्दोलनका अभियन्ता साथै नेपाल फिल्म क्याम्पसका प्रमुख हुन् ।)

# अब नेपालमा युवाले के गर्ने ?



सरोज बानियाँ

> आफ्नो क्षमतामा गरिने लगानी नै सबैभन्दा ठूलो पुँजी हो भन्ने बुझेर निरन्तर आत्म-विकासमा लाग्नु आजको आवश्यकता हो ।

***आधुनिक कृषि व्यवसाय, पर्यटन, हस्पिटालिटी र स्थानीय उत्पादनको ब्रान्डिङमा सानो लगानी र नवीन सोचका साथ काम सुरु गर्ने हो भने नेपालमै एउटा सफल स्टार्टअप संस्कृति निर्माण गर्न सकिन्छ ।***

नेपालको वर्तमान सामाजिक र आर्थिक चित्र हेर्दा एउटा स्पष्ट यथार्थ अगाडि आउँछ– यो देशको भविष्य पूर्ण रूपमा युवाको काँधमा छ । कुल जनसंख्याको ठूलो हिस्सा युवा भए पनि उनीहरूको ऊर्जा, सीप र सम्भावनाको सही उपयोग हुन नसक्नु दुखद् पक्ष हो । बेरोजगारी र विदेश पलायनको लहरले सिर्जना गरेको निराशाका बीच अबको मूल प्रश्न 'देशमा के होला ?' भन्दा पनि 'अब नेपालमा युवाले के गर्ने ?' भन्ने हुनुपर्छ । चुनौतीहरूका पहाड अवश्य छन्, तर ती पहाडभित्रै समृद्धिको नयाँ सम्भावना लुकेको छ ।

परिवर्तनको सुरुवात मानसिकताबाट हुनुपर्छ । जबसम्म हामी केवल 'जागिर' लाई मात्र सफलताको मानक मान्छौँ, तबसम्म अवसरको दायरा साँघुरो भइरहन्छ । अबको युवाले रोजगारी खोज्ने मात्र होइन, रोजगारी सिर्जना गर्ने 'उद्यमी सोच' विकास गर्नु आवश्यक छ । आधुनिक कृषि व्यवसाय, पर्यटन, हस्पिटालिटी र स्थानीय उत्पादनको ब्रान्डिङमा सानो लगानी र नवीन सोचका साथ काम सुरु गर्ने हो भने नेपालमै एउटा सफल स्टार्टअप संस्कृति निर्माण गर्न सकिन्छ । असफलतालाई सिकाइको रूपमा लिँदै जोखिम मोल्न सक्ने युवाले नै भोलिको आर्थिक र सामाजिक नेतृत्व गर्नेछन् । अब नेपालमा स्टार्टअप कल्चरलाई बढवा दिइरहेको अवस्थामा युवाहरूले त्यसतर्फ आफूलाई लैजान सकेन भने आशातित परिवर्तन गर्न सक्दैन ।

आधुनिक कृषि व्यवसाय, पर्यटन, हस्पिटालिटी र स्थानीय उत्पादनको ब्रान्डिङमा सानो लगानी र नवीन सोचका साथ काम सुरु गर्ने हो भने नेपालमै एउटा सफल स्टार्टअप संस्कृति निर्माण गर्न सकिन्छ ।

शिक्षा र सीपको सन्दर्भमा अब केवल शैक्षिक प्रमाणपत्रको भारी बोकेर मात्र पुग्दैन । बजारको माग र प्रविधिको विकास अनुसार व्यवहारिक दक्षता हासिल गर्नु अनिवार्य भइसकेको छ । युवाहरूले आफूलाई डिजिटल सीप जस्तै प्रोग्रामिङ, डिजाइन र डिजिटल मार्केटिङमा पोख्त बनाउनुपर्छ । साथै, प्राविधिक र भाषिक सीपले उनीहरूलाई स्वदेश र विदेश दुवैतिर प्रतिस्पर्धी बनाउँछ । आफ्नो क्षमतामा गरिने लगानी नै सबैभन्दा ठूलो पुँजी हो भन्ने बुझेर निरन्तर आत्म-विकासमा लाग्नु आजको आवश्यकता हो । प्रायः आजका युवाहरूले छोटो तरिकाबाट सफलता खोज्ने गर्छन् तर त्यो क्षणिक मात्र हुन्छ दिगो भने हुँदैन ।

डिजिटल अर्थतन्त्रले भूगोलको सीमा मेटाइदिएको छ । आज नेपालकै कुनै गाउँमा बसेर इन्टर नेटको माध्यमबाट विश्वका ठूला कम्पनीहरूका लागि 'रिमोट जब' वा फ्रिल्यान्सिङ गर्न सम्भव भएको छ ।

यसले एकातिर वैदेशिक रोजगारीको बाध्यतालाई कम गर्छ भने अर्कोतिर देशमा विदेशी मुद्रा ल्याउन ठूलो मद्दत पुऱ्याउँछ । ई-कमर्स र अनलाइन व्यवसायमार्फत नेपाली युवाले आफ्ना उत्पादन र सेवालाई विश्वबजारसम्म पुऱ्याउन सक्छन् र वर्तमान अवस्थामा केही कम्पनीहरूले त्यो काम नेपालमा नै बसेर पनि गरिरहेका छन् । प्रविधिलाई केवल मनोरञ्जनका लागि मात्र होइन, आयआर्जन र नवप्रवर्तनका लागि प्रयोग गर्ने दिशामा युवाहरू अग्रसर हुनुपर्छ ।

व्यक्तिगत प्रगतिको साथसाथै सामाजिक र राजनीतिक नेतृत्वमा पनि युवाको सक्रियता अपरिहार्य छ । नीति निर्माण तहमा युवाको उपस्थिति र हस्तक्षेप नभएसम्म व्यवस्थामा सुधार आउन कठिन छ ।

नेपालको प्राकृतिक स्रोत र मौलिकता अर्को ठूलो अवसरको क्षेत्र हो । परम्परागत कृषिलाई त्यागेर व्यावसायिक अर्ग्यानिक खेती, एग्रो-टुरिजम र उच्च मूल्यका जडीबुटी खेतीमा युवाको संलग्नताले ग्रामीण अर्थतन्त्रलाई कायापलट गर्न सक्छ । त्यसैगरी, विश्वकै आकर्षक गन्तव्य मानिने नेपालमा पर्यटनका नयाँ आयामहरू जस्तै साहसिक पर्यटन र सांस्कृतिक होमस्टे सञ्चालन गरेर स्वरोजगार बन्ने प्रशस्त सम्भावनाहरू छन् । समस्या देखेर गुनासो गर्नुभन्दा त्यसको समाधान खोज्ने 'इनोभेटर' बन्नु नै आजको युवाको मुख्य लक्ष्य हो ।

अन्ततः व्यक्तिगत प्रगतिको साथसाथै सामाजिक र राजनीतिक नेतृत्वमा पनि युवाको सक्रियता अपरिहार्य छ । नीति निर्माण तहमा युवाको उपस्थिति र हस्तक्षेप नभएसम्म व्यवस्थामा सुधार आउन कठिन छ । 'नेपालमा केही हुँदैन' भन्ने नकारात्मक सोचलाई आत्मविश्वास र देशप्रतिको जिम्मेवारीले विस्थापन गर्नुपर्छ । जब युवाहरू जागेर आफ्नो सीप, प्रविधि र सकारात्मक सोचलाई देशकै माटोमा लगानी गर्छन्, तब मात्र नेपाल समृद्ध र आत्मनिर्भर बन्न सक्छ । अब नेपालका युवाले अवसरको प्रतीक्षा गर्ने होइन, अवसरको सिर्जना गरेर देखाउने बेला आएको छ । यसको लागि नेपालका युवाहरूले कुरेर बस्ने होइन केही कामको सुरुवात आजै र अहिले नै गर्नु आवश्यक छ । युवा केवल गुनासो मात्र होइन, सम्भावना, आशा र सकारात्मकताको थालनी गर्न आवश्यक छ । हुँदैन होइन हुन्छ र गरे सम्भव छ भन्ने भाष्यलाई चरितार्थ गर्ने काम मात्र युवाले गर्नुपर्छ । साथै युवाले म होइन हामी र मेरो होइन हाम्रो भन्ने सोच पनि विकास गर्नु आवश्यक छ ।लेखक बानियाँ नेपाल युवा परिषद केन्द्रीय अध्यक्ष हुन्

# इलाका प्रशासन कार्यालय स्थापना



कांक्रेविहार संवाददाता
मुगु, ३ वैशाख

जिल्लाको पश्चिमी क्षेत्र खत्याड गाउँपालिका-७ गम्थामा इलाका प्रशासन कार्यालय स्थापना गरिएको छ । दुर्गम क्षेत्रमा रहेका स्थानीय बासिन्दालाई नागरिकता, जग्गा सम्बन्धी तथा अन्य सरकारी सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले उक्त कार्यालय स्थापना गरिएको हो ।

गृह मन्त्रालयका सहसचिव कालीप्रसाद पराजुली, मुगुका प्रमुख जिल्ला अधिकारी खडानन्द खत्री, गाउँपालिका अध्यक्ष अजबहादुर शाही, सुरक्षा निकायका प्रमुख तथा समाजसेवी अनिल बानियाँ लगायतको टोलीले संयुक्त रूपमा कार्यालयको उद्घाटन गरेको गाउँपालिकाले जनाएको छ। खत्याड गाउँपालिका-३ का स्थानीय रामहरि बुढाका अनुसार यसअघि नागरिकता र जग्गा सम्बन्धी कामका लागि स्थानीयले एक दिन पैदल यात्रा गरी जिल्लाको सदरमुकाम गमगढी पुग्नुपर्ने बाध्यता थियो।

नागरिकता बनाउन जाँदा-आउँदा तथा बसोबास खर्च जोड्दा करिब १० देखि १५ हजार रुपैयाँसम्म खर्च हुने गरेको उनले जानकारी दिए। नयाँ कार्यालय स्थापना भएसँगै अब त्यो समस्या हट्ने अपेक्षा गरिएको छ। यसअघि खत्याडका नागरिकहरूलाई सबै प्रशासनिक सेवाका लागि गमगढी नै पुग्नुपर्ने अवस्था थियो।

अब गाउँपालिकामै प्रशासनिक सेवा उपलब्ध भएपछि सेवा प्रवाह सहज हुने गाउँपालिका अध्यक्ष अजबहादुर शाहीले बताए। तत्कालीन वन तथा वातावरण मन्त्री ऐनबहादुर शाहीको पहलमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले खत्याडमा इलाका प्रशासन कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो। सोही निर्णयअनुसार सरकारले दुर्गम क्षेत्रका नागरिकलाई सेवा नजिकैबाट उपलब्ध गराउने उद्देश्यले इलाका प्रशासन कार्यालयसँगै नापी र मालपोत कार्यालयसमेत स्थापना गरेको हो।

# कर्णालीको औद्योगिकमा आशा, सूर्य तारा सिमेन्ट अन्तिम तयारीमा

कांक्रेविहार संवाददाता
सुर्खेत, ३ वैशाख

कर्णाली प्रदेशमा औद्योगिक विकासको ढोका खोल्ने अपेक्षासहित सुर्खेतको चौकुने गाउँपालिका-९, सुनाकाँडामा निर्माण हुन लागेको सूर्य तारा सिमेन्ट उद्योग अब कार्यान्वयनको निर्णायक चरणमा पुगेको छ। लामो समयदेखि प्रतीक्षामा रहेको यो परियोजनाले अब भौतिक संरचना निर्माण सुरु गर्ने तयारी पूरा गरेको जनाएको छ। आयोजना प्रमुख मुकुन्दराज तिमिल्सिनाका अनुसार आवश्यक प्रारम्भिक प्रक्रिया, योजना निर्माण तथा तयारीका कामहरू सम्पन्न भइसकेका छन्।

अब करिब १० दिनभित्र उद्योगको भौतिक संरचना निर्माण कार्य औपचारिक रूपमा सुरु गरिनेछ। "हामीले आवश्यक तयारी पूरा गरिसकेका छौं, अब निर्माणको चरणमा प्रवेश गर्ने तयारीमा छौं, उनले बताए।



कर्णाली प्रदेश लामो समयदेखि औद्योगिक विकासमा पछाडि परेको क्षेत्रका रूपमा चिनिँदै आएको छ। पर्याप्त प्राकृतिक स्रोत, कच्चा पदार्थ र सम्भावना हुँदाहुँदै पनि ठूला उद्योग स्थापना हुन नसक्दा यहाँको आर्थिक गतिविधि सीमित रहँदै आएको थियो।

यस्तो अवस्थामा सूर्य तारा सिमेन्ट उद्योगलाई कर्णालीको आर्थिक रूपान्तरणको महत्वपूर्ण आधारका रूपमा हेरिएको छ। यस उद्योग सञ्चालनमा आएपछि स्थानीय स्तरमा रोजगारी सिर्जना हुने, निर्माण सामग्रीमा आत्मनिर्भरता बढ्ने र कर्णालीको आर्थिक गतिविधिमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ।

विशेषगरी सिमेन्टजस्तो अत्यावश्यक निर्माण सामग्री प्रदेशभित्रै उत्पादन हुन थालेपछि पूर्वाधार विकासका कामहरू पनि सहज र सस्तो हुने विश्वास गरिएको छ। स्थानीय तहका जनप्रतिनिधि तथा बासिन्दाहरूले पनि उद्योग स्थापनालाई सकारात्मक रूपमा लिएका छन्। उनीहरूका अनुसार उद्योग सञ्चालनमा आएपछि स्थानीय युवाहरूलाई रोजगारीको अवसर मिल्नेछ भने बाहिरी जिल्लामा पलायन हुने क्रम केही हदसम्म घट्ने अपेक्षा गरिएको छ। कर्णाली प्रदेशमा जलविद्युत्, खानी तथा कृषि जस्ता क्षेत्रमा पर्याप्त सम्भावना हुँदाहुँदै पनि औद्योगिक संरचनाको अभावले विकासको गति सुस्त रहँदै आएको छ। सूर्य तारा सिमेन्ट उद्योगले भने यो अवस्थालाई बदल्ने संकेत दिएको छ। यसलाई कर्णालीमा निजी क्षेत्रको ठूलो लगानी भित्र्याउने महत्वपूर्ण कदमका रूपमा पनि हेरिएको छ। यद्यपि, दुर्गम भौगोलिक अवस्था, पूर्वाधार अभाव, यातायात कठिनाइ र प्राविधिक चुनौतीहरू अझै पनि यस्ता उद्योगका लागि प्रमुख चुनौतीका रूपमा रहेका छन्। तर पनि परियोजना अघि बढ्नु आफैंमा कर्णालीको औद्योगिक भविष्यप्रति आशा जगाउने कदम मानिएको छ। समग्रमा, सूर्य तारा सिमेन्ट उद्योग केवल एउटा औद्योगिक परियोजना मात्र नभई कर्णाली प्रदेशको आर्थिक विकास, रोजगारी सिर्जना र आत्मनिर्भरता तर्फको महत्वपूर्ण यात्रा सुरु गर्ने आधार बन्ने अपेक्षा गरिएको छ।

# कर्णालीमा कम बजेट खर्च हुने चलन निरन्तर

कांक्रेविहार संवाददाता
वीरेन्द्रनगर, ३ वैशाख

चालु आर्थिक वर्ष २०८२/०८३ को नौ महिना बितिसक्दा पनि कर्णाली प्रदेश सरकारले बजेट कार्यान्वयनमा अपेक्षित प्रगति गर्न सकेको छैन। चैत मसान्तसम्मको तथ्याङ्कअनुसार कुल ३३ अर्ब १९ करोड ३६ लाख रुपैयाँ बजेटमध्ये केवल २४.२१ प्रतिशत अर्थात् ८ अर्ब ३६ करोड २६ लाख मात्रै खर्च भएको छ।

झन् चिन्ताजनक अवस्था विकास बजेटतर्फ देखिएको छ। कुल १९ अर्ब ९८ करोड रुपैयाँ विकास बजेटमध्ये मात्र १७.१६ प्रतिशत (३ अर्ब ४२ करोड) खर्च भएको छ । अब बाँकी तीन महिनामा १६ अर्ब ५५ करोड रुपैयाँ खर्च गर्नुपर्ने दबाब सरकारमाथि परेको छ, जुन विगतका अनुभवका आधारमा निकै कठिन मानिएको छ।

मुख्यमन्त्री यामलाल कँडेलले बजेट कार्यान्वयनमा सुधार ल्याउने उद्देश्यले कार्यविधि निर्माण, मार्गदर्शन जारी तथा प्रशासनिक खर्च कटौती जस्ता कदम अघि सारेका थिए।

होटलमा कार्यक्रम नगर्ने र अनावश्यक खर्च नियन्त्रण गर्ने नीतिलाई आन्तरिक सुधारका रूपमा हेरिए पनि त्यसको प्रभाव विकास निर्माणमा देखिन सकेको छैन। हाल प्रशासनिक (चालु) खर्च ३६.१० प्रतिशत पुगेको छ भने विकास निर्माणका योजनाहरू भने अझै पनि खरिद प्रक्रियामा अल्झिएका छन्।

जनशक्ति अभाव र प्रशासनिक जटिलताका कारण धेरै योजना कार्यान्वयनको चरणमै प्रवेश गर्न सकेका छैनन्। मुख्यमन्त्रीले जिल्लास्तरमै पुगेर दिएका निर्देशन र कार्यालय प्रमुखहरूको प्रतिबद्धताले समेत अपेक्षित परिणाम दिन सकेको देखिँदैन।

मुख्य विकासे मन्त्रालयहरूको कार्यसम्पादन पनि कमजोर देखिएको छ। भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयले करिब ११ अर्ब बजेटमध्ये १८.३७ प्रतिशत मात्र खर्च गरेको छ।

आगामी तीन महिनामा झण्डै ९ अर्ब खर्च गर्नुपर्ने चुनौती थपेको छ। त्यस्तै, सामाजिक विकास मन्त्रालयले १५.७६ प्रतिशत मात्रै विकास बजेट खर्च गरेको छ भने अझै ४ अर्ब १२ करोड रुपैयाँ बाँकी छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अवस्था सबैभन्दा कमजोर देखिएको छ, जहाँ विकास बजेट खर्च ९.४२ प्रतिशतमै सीमित छ। जलस्रोत तथा ऊर्जा मन्त्रालयले २२.४१ प्रतिशत र पर्यटन मन्त्रालयले करिब ९ प्रतिशत मात्र विकास बजेट कार्यान्वयन गरेका छन्।

विगतका वर्षहरूमा जस्तै यसपटक पनि आर्थिक वर्षको अन्तिम तीन महिना–वैशाख, जेठ र असार–मा हतारहतार काम गरेर बजेट सक्ने प्रवृत्ति दोहोरिने संकेत देखिएको छ। धेरै योजनाहरू अझै खरिद प्रक्रियामै अड्किएकाले ठूलो परिमाणमा बजेट फ्रिज हुने जोखिम पनि बढेको छ।

समग्रमा हेर्दा, प्रशासनिक सुधारका प्रयास देखिए पनि विकास निर्माणको क्षेत्रमा त्यसको प्रभाव न्यून देखिएको छ, जसले कर्णालीको समग्र आर्थिक प्रगतिमा प्रश्न उठाएको छ।

# वर्षौंदेखि बन्द जलविद्युत् आयोजना

कांक्रेविहार संवाददाता
बैतडी, ३ वैशाख

बैतडीको पाटन नगरपालिका-६ स्थित सूर्नयागाड जलविद्युत् आयोजनाबाट करिब दुई वर्षदेखि विद्युत् उत्पादन बन्द हुँदा आसपासका बस्ती अन्धकारमा बस्न बाध्य भएका छन्।

नेपाल विद्युत् प्राधिकरण बैतडी वितरण केन्द्रका अनुसार प्राविधिक व्यवस्थापन अभाव र एडीआर प्रणालीमा आएको समस्या कारण आयोजनाको सञ्चालन रोकिएको हो। एक समय एक सय किलोवाट विद्युत् उत्पादन गर्दै आएको यो आयोजनामा समस्या देखिएपछि पुनः नियमित उत्पादन सम्भव हुन सकेको छैन।

आयोजनाको इतिहास हेर्दा दुई सय किलोवाट क्षमताको परियोजना २०७९ जेठदेखि पूर्ण रूपमा बन्द भएको थियो। पछि आवश्यक मर्मतपछि २०८० माघदेखि एक किलोवाट उत्पादन पुनः सुरु गरिएको भए पनि केही समयमै फेरि प्राविधिक गडबडी देखिएपछि उत्पादन रोकिएको हो। नेपाल विद्युत् प्राधिकरण बैतडी वितरण केन्द्रका प्रमुख अशेश्वर शाहका अनुसार आयोजनाको नहर, संरचना तथा उपकरणमा समस्या देखिएकाले तत्काल सञ्चालन गर्न कठिनाइ भएको छ। उनका अनुसार प्राविधिक टोलीले आवश्यक अध्ययन गरिरहेको र मर्मत तथा पुनः सञ्चालनका लागि पहल भइरहेको छ।

स्थानीयवासीका अनुसार विद्युत् सेवा नियमित नहुँदा दैनिक जीवन, अध्ययन, साना व्यवसाय तथा सञ्चार सेवासमेत प्रभावित भएका छन्। लामो समयदेखि अन्धकारमा बस्नुपर्दा जनजीवन कष्टकर बनेको उनीहरूको गुनासो छ। जिल्लामा प्राविधिक व्यवस्थापन र मर्मतसम्भारको अभावका कारण यस्ता लघु जलविद्युत् आयोजनाहरू पटक-पटक बन्द हुने समस्या दोहोरिँदै आएको छ। सूर्नयागाड आयोजना पूर्ण क्षमतामा सञ्चालनमा आए दुर्गम क्षेत्रका बासिन्दाले नियमित विद्युत् आपूर्ति पाउने अपेक्षा गरिएको छ, जसले स्थानीय जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउने विश्वास गरिएको छ।

कर्णाली प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०१/०४**

यस मन्त्रालयको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत स्काउट र आत्मरक्षा कार्यक्रम मार्फत युवा नेतृत्व तथा अनुशासनको विकासको लागि रू.२०,०००,००। अक्षेरुपी रु बीस लाख विनियोजन भएकोले सो कार्यक्रममा कर्णाली प्रदेशका सबै पालिकाबाट १/१ जना १६-२४ वर्षका किशोर किशोरी सहभागी गराई ६(छ) दिनको आवासीय सुविधा सहितको स्काउट आधारभूत तालिम, किशोरीहरूको लागि आत्मरक्षा सम्बन्धी कम्तिमा ३ (तीन) दिनको प्रशिक्षण कर्णाली प्रदेशको कम्तिमा ३ जिल्लामा सञ्चालन गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले आफ्ना कागजातहरू सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपसिलको शर्तहरुको अधिनमा रही स्वयम् उपस्थित भई सामाजिक विकास मन्त्रालयमा प्रस्तावना पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

(क) आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।(सरकारी निकायको रूपमा लागू नहुने)
(ख) पछिल्लो वा चालु आ.व. भन्दा अघिल्लो आ.व.को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति ।
(ग) स्थायी लेखा नम्बर,
(घ) कार्य गरेको अनुभव पत्र,
(ङ) नेपाली नागरिकताको प्रमाणपत्र,
(च) पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति।
(छ) प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना सामाजिक विकास मन्त्रालयमा अलग अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति बुझाउनु पर्नेछ।
(ज) कार्यक्रममा तोकिएको लागतमा अपुग भए आफ्नै निकायबाट थप गर्ने प्रतिवद्धता,
(झ) प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि सामाजिक विकास मन्त्रालय, युवा तथा खेलकुद महाशाखामा सम्पर्क गर्न अनुरोध छ।

**थप जानकारीका लागि सम्पर्क:**

कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय
युवा तथा खेलकुद महाशाखा, वीरेन्द्रनगर, सुर्खेत
वेब साईट: https://mosd.karnali.gov.np सम्पर्क नं: ९८५८०८८०९९

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# सार्वजनिक सवारीमा सिसिटिभी अनिवार्य हुनुपर्ने

❒ **काँक्रेविहार संवाददाता**
कञ्चनपुर, ३ वैशाख

जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले सार्वजनिक सवारीसाधनमा सुरक्षा तथा निगरानी व्यवस्था सुदृढ गर्न तीन दिनभित्र सिसिटिभी क्यामेरा जडान गर्न निर्देशन दिएको छ। प्रशासनले बुधबार सूचना जारी गर्दै वैशाख ५ गतेभित्र सबै सार्वजनिक यातायातमा अनिवार्य रूपमा क्यामेरा जडान गर्न आग्रह गरेको हो। जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी मदन कोइरालाका अनुसार सार्वजनिक यातायातमा हुने सम्भावित लैङ्गिक हिंसा तथा अन्य आपराधिक गतिविधि रोक्न



यो व्यवस्था लागू गर्न लागिएको हो। सरकारको चैत १३ गते बसेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नम्बर ९८ कार्यान्वयन गर्दै यो निर्देशन जारी गरिएको उनले जानकारी दिए। निर्देशनअनुसार जिल्लाभर सञ्चालनमा रहेका सबै सार्वजनिक सवारीसाधनमा सिसिटिभी क्यामेरा र ड्यासक्याम अनिवार्य रूपमा जडान गर्नुपर्नेछ।

साथै यात्रुहरूलाई स्पष्ट देखिने गरी भाडादर टाँस्न पनि प्रशासनले आग्रह गरेको छ। त्यसैगरी, चालक तथा सहचालकले यात्राका क्रममा अनिवार्य रूपमा तोकिएको पोसाक लगाउनुका साथै परिचयपत्र साथमा राख्नुपर्ने व्यवस्था गरिएको छ।

सार्वजनिक सवारीमा जीपीएस ट्र्याकिङ प्रणाली जडान गर्नसमेत निर्देशन दिइएको छ। प्रशासनले तोकिएको मापदण्ड पालना नगर्ने सवारीसाधनमाथि कानुनी कारबाही गरिने चेतावनी दिएको छ। कञ्चनपुरमा हाल करिब तीन हजार पाँच सय सार्वजनिक सवारीसाधन सञ्चालनमा छन्। तीमध्ये लामो दूरीका करिब दुई हजार सवारीमा पहिले नै केही हदसम्म क्यामेरा जडान भइसकेको महाकाली यातायात प्रणालीका अध्यक्ष डम्बर पन्तले जानकारी दिए। यातायात व्यवसायीहरूले प्रशासनको निर्णयलाई सकारात्मक रूपमा लिएको बताएका छन्। तर, छोटो समयसीमा भएकाले सबै सवारीमा उपकरण जडान गर्न उचित मूल्य र उपलब्धता सहज हुनुपर्ने उनीहरूको धारणा छ।

# चौबिसै घण्टा पूर्वसूचना र बाढी पूर्वानुमान सेवा सञ्चालन गरिने

❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३ वैशाख

आगामी मनसुनलाई लक्षित गर्दै जल तथा मौसम विज्ञान विभागले सम्भावित विपदबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न विस्तृत आपतकालीन कार्ययोजना सार्वजनिक गरेको छ।

विभागले मनसुन अवधिभर मौसम पूर्वानुमान, बाढी पूर्वानुमान र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउँदै चौबिसै घण्टा सेवा सञ्चालन गर्ने जनाएको छ। विभागका निमित्त महानिर्देशक अर्चना श्रेष्ठले मौसम पूर्वानुमान महाशाखा र बाढी पूर्वानुमान महाशाखा चौबिसै घण्टा सक्रिय रहने जानकारी दिइन्।

'तीन दिनसम्मको नियमित मौसम पूर्वानुमान दैनिक बिहान ८:०० र साँझ ६:०० बजे सार्वजनिक गरिनेछ भने विशेष अवस्थाहरूमा तीनदेखि पाँच दिनअगावै चेतावनीसहित विशेष बुलेटिन जारी गरिनेछ,' उनले भनिन्, 'भारी वर्षा, मेघगर्जन, चट्याङ, हिमपातजस्ता जोखिमपूर्ण मौसम अवस्थाबारे समयमै जानकारी दिन रङ्ग सूचकसहितको चेतावनी नक्सा पनि प्रकाशन गरिने छ।

श्रेष्ठका अनुसार देशभरका स्वचालित जल तथा मौसम मापन केन्द्रबाट प्राप्त तथ्याङ्क वास्तविक समयमा विभागको 'वेबसाइट'मार्फत सार्वजनिक गरिनेछ। बाढी जोखिम न्यूनीकरणका लागि प्रमुख नदीहरू कोशी, गण्डकी, कर्णाली, बागमती, बबई र पश्चिम राप्तीमा तीन दिनअगावै बाढी पूर्वानुमान गरिने विभागले जनाएको छ।

स-साना नदीमा हुने आकस्मिक बाढीको दुईदेखि ६ घण्टा अगावै सूचना दिने व्यवस्था मिलाइएको र देशव्यापी ठूलो बाढीको सम्भावना भएमा पाँच दिनअगावै पूर्वानुमान जारी गरिने विभागको तयारी छ।

**सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।**

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/१/४**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री जयान्ता शाही** धनी रहेको, **दर्ता नम्बर** ८२८७/०७८/०७९ बाट **वीरेन्द्रनगर न.पा.-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री कर्णाली अचार उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

# ६५ हजारभन्दा बढी बाढीबाट प्रभावित हुने अनुमान

❒ **काँक्रेविहार संवाददाता**
नेपालगञ्ज, ३ वैशाख

बाँके जिल्लामा सम्भावित बाढीजन्य जोखिमलाई मध्यनजर गर्दै जिल्ला विपद् व्यवस्थापन समितिले विस्तृत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ।

विगतका विपद् घटनाहरूको विश्लेषणका आधारमा तयार गरिएको उक्त योजनामा यस वर्ष बाढीबाट ठूलो जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको छ। जिल्ला आपतकालीन सञ्चालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवालीका अनुसार जिल्लाका आठ स्थानीय तहका ५२ वडाका १३ हजार २ सय ५७ घरधुरी बाढीबाट प्रभावित हुने देखिएको छ।

सोही आधारमा करिब ६५ हजार ४ सय ४२ जना उच्च जोखिममा रहेको प्रतिकार्य योजनामा उल्लेख गरिएको छ। योजनाअनुसार बाँकेमा राप्तीसोनारी गाउँपालिका र डुडुवा गाउँपालिका सबैभन्दा बढी जोखिममा रहेका क्षेत्रका रूपमा पहिचान गरिएको छ।

राप्तीसोनारी गाउँपालिकाका नौ वडाका ३ हजार २७९ घरधुरीका करिब १७ हजार ६९५ जना बाढीबाट प्रभावित हुने अनुमान गरिएको छ। त्यस्तै डुडुवा गाउँपालिकाका ६ वडाका ३ हजार ८ सय ८२ घरधुरीका १९ हजार ८ सय ५२ जना जोखिममा रहेको उल्लेख छ।

अन्य स्थानीय तहहरू पनि बाढीको जोखिम सूचीमा परेका छन्।

**'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं'**

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाईंसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाईंसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

**दिनेश खत्री**
वडा अध्यक्ष
वीरेन्द्रनगर नगरपालिका
**१ नं. वडा कार्यालय**
सुर्खेत

**'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं'**

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाईंसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाईंसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

**खिमलाल देवकोटा**
वडा अध्यक्ष
वीरेन्द्रनगर नगरपालिका
**११ नं. वडा कार्यालय**
सुर्खेत

**'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं'**

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाईंसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाईंसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

**यगेन्द्र थापा**
का.वा. अध्यक्ष
वीरेन्द्रनगर नगरपालिका
**५ नं. वडा कार्यालय**
सुर्खेत

**'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं'**

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाईंसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाईंसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

**टिकाराम शर्मा**
वडा अध्यक्ष
वीरेन्द्रनगर नगरपालिका
**८ नं. वडा कार्यालय**
सुर्खेत

**'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं'**

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाईंसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाईंसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

**ध्रुवकुमार चपाईं**
वडा अध्यक्ष
वीरेन्द्रनगर नगरपालिका
**७ नं. वडा कार्यालय**
सुर्खेत

**नयाँ वर्ष २०८३ को**
पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति,समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं

प्रो.
राजु पाण्डे
**राजु कलेक्शन**
वीरेन्द्रनगर, सुर्खेत

**नयाँ वर्ष २०८३ को**
पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति,समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं

प्रो.
बासुदेव शर्मा
**दुर्गा भगवती इन्टरप्राइजेज**
वीरेन्द्रनगर-४, सुर्खेत

**नयाँ वर्ष २०८३ को**
पावन अवसरमा सम्पूर्ण उद्योगी व्यापारी एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं

महासचिव
रामप्रसाद जैसी (राजु)

अध्यक्ष
हर्षविक्रम खड्का

**सुर्खेत उद्योग वाणिज्य संघ परिवार**
वीरेन्द्रनगर, सुर्खेत

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)